# नेपाल चिकित्सक संघ
# Nepal Medical Association

KTM, CDO Regd. No. 07/043/44

Founded: 20 Falgun 2007(4th March 1951)

(Mutually affiliated with Indian Medical Association)

**Member**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)



**EXECUTIVE COMMITTEE**
**( 2020 - 2023 )**

**President:**
Dr. Lochan Karki

**Immediate Past President:**
Dr. Mukti Ram Shrestha

**Senior Vice President:**
Dr. Shiva Prasad Shrestha

**Vice President:**
Dr. Anil Bikram Karki

**General Secretary:**
Dr. Badri Rijal

**Treasurer:**
Dr. Prakash Budhathoky

**Joint Secretary:**
Dr. Niraj Kumar Singh

**Joint Treasurer:**
Dr. Bishwa Raj Dawadi

**Members:**
Dr. Bipesh Acharya
Dr. Leison Maharjan
Dr. Nanda Kumari Gurung
Dr. Pramod Joshi
Dr. Ritesh Thapa
Dr. Sanjeeb Tiwari

**Editor-in-Chief:**
Dr. Angel Magar


पत्र संख्या : २०७६।नेचिसं। च.नं.....
मिति : २०७६ चैत्र ३ गते

## प्रेस विज्ञप्ती
## भयभित नबनौं, आवश्यक तयारी गरौं, सुरक्षित र सतर्क रहौं !

डिसेम्वर, २०१९ मा चीनको वुहान शहरबाट शुरु भएको नोबेल कोरोना भाइरस (COVID-19) को संक्रमण द्रुततर गतिमा विश्वभर फैलिइरहेको छ । COVID-19 को संक्रमणले हजारौंको मानवीय क्षति मात्र भएको छैन समग्र विश्वव्यवस्थालाई नै खलबलाईदिएको छ। यो एउटा गम्भीर विश्व स्वास्थ्य चुनौतिको रुपमा हाम्रा सामु खडा भएको छ। विश्व स्वास्थ्य संगठनले महामारीको (Pandemic) घोषणा गरेको छ भने नेपाललाई उच्च जोखिममा राखि यो समस्यासंग जुध्नका लागि तयारी अवस्थामा रहन आग्रह समेत गरिसकेको छ। संसदले समेत यस सन्दर्भमा सरकारको ध्यानाकर्षण गराइसकेको छ । यस अवस्थामा यो जोखिमबाट जोगिन र यसको रोकथाम र नियन्त्रणका लागि सवैपक्ष एकजुट भएर द्रुत गतिमा आवश्यक पूर्व तयारी गर्नुको विकल्प छैन । नेपाल चिकित्सक संघले कोरोना भाइरसका सम्वन्धमा सुसुचित गर्ने उद्देश्यले संघको केन्द्रीय कार्यालय र संघका शाखा कार्यालयहरुमा Information Desk को व्यवस्था गरेको जानकारी गराउँछौं ।

नेपाल चिकित्सक संघले नेपाल सरकारलाई जुनसुकै परिस्थितिमा यो संकट सामनाका निम्ति सहयोग गर्न तत्पर रहेको अवगत गराउँदै कोरोना भाइरसको संक्रमण फैलिन नदिन र जोखिमको न्युनिकरण तथा रोकथामका लागि अनिवार्य रुपमा निम्न लिखित कार्यहरु गर्न, गराउन नेपाल चिकित्सक संघ नेपाल सरकार समक्ष हार्दिक अनुरोध गर्दछ ।

१. काठमाडौं उपत्यका र प्रत्येक प्रदेशमा निश्चित सरकारी तथा निजी अस्पतालहरुको पहिचान गरी ती अस्पतालहरुलाई कोरोनाभाईरसको मात्र उपचारको लागि व्यवस्था मिलाउने र स्वास्थ्य संस्थाहरुमा न्युनतम पूर्वाधार, उपकरण र जनशक्तिको आवश्यक व्यवस्था गर्ने,
२. सरकारबाट संक्रमणको रोकथामका लागि उपचार गर्न तोकिएका अस्पतालहरुमा रहेका अन्य रोगका विरामीहरुलाई अन्य अस्पतालमा स्थानान्तरण गर्ने वातावरण बनाई ति अस्पतलालाई कोरोनाको उपचारको लागी तयारी अवस्थामा राख्ने,
३. कोरोना भाइरस उपचारका लागि तोकिएका स्वास्थ्य संस्था र अस्पतालमा रहेका सम्पूर्ण साधारण बेडहरु, आईसियू बेडहरुको अधिकतम उपयोग भएपश्चात् मात्र अर्को अस्पतालमा संक्रमित विरामीहरुको उपचार गर्ने गरी प्रवन्ध गर्ने,
४. विरामीको पहिलो सम्पर्कमा नै स्वास्थ्यकर्मी तथा चिकित्सकहरु रहने भएको हुनाले उनीहरुको स्वास्थ्यको सुरक्षाका लागि Advance Personal Protective Equipment (PPE) लगायत औजार र उपकरण तथा संक्रमणबाट जोगिन सक्ने सामाग्रीहरुको पर्याप्त रुपमा उपलव्ध गराउने,
५. चिकित्सक तथा स्वास्थ्यकर्मीलाई सहज रुपमा काम गर्ने वातावरण निर्मानण गर्न विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुरुप प्रशिक्षण, वीमा र प्रोत्साहनको व्यवस्था गर्नुपर्ने,
६. सम्भाव्य जोखिम न्युनिकरण गर्न तथा ल्याब टेष्टको दायरा बढाउन आवश्यक औषधी, उपकरण र जनशक्तिको व्यवस्था गर्ने,
७. नेपाल आवगमनका लागि तोकिएका स्थान, चेकजाँच, परिक्षण र उपचारका लागि तोकिएक ठाँउहरू तथा कुनै पनि स्वास्थ्यसंस्थामा संकास्पद विरामी भेटिए अवस्थामा ति विरामीको

(Mutually affiliated with
Indian Medical Association)

Member
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)

EXECUTIVE COMMITTEE
( 2020 - 2023 )

President:
Dr. Lochan Karki
Immediate Past President:
Dr. Mukti Ram Shrestha
Senior Vice President:
Dr. Shiva Prasad Shrestha
Vice President:
Dr. Anil Bikram Karki
General Secretary:
Dr. Badri Rijal
Treasurer:
Dr. Prakash Budhathoky
Joint Secretary:
Dr. Niraj Kumar Singh
Joint Treasurer:
Dr. Bishwa Raj Dawadi

Members:
Dr. Bipesh Acharya
Dr. Leison Maharjan
Dr. Nanda Kumari Gurung
Dr. Pramod Joshi
Dr. Ritesh Thapa
Dr. Sanjeeb Tiwari
Editor-in-Chief:
Dr. Angel Magar

लागि, थप चेकजाँच, क्वारेन्टाइन, उपचार, आइसोलेसन लगायतको लागि आवश्यक प्रकृयाका सन्दर्भमा निश्चित संयन्त्र निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने,

८. विमानस्थल र सिमा नाकामा हुने चेकजाँचलाई प्रभावकारी र व्यवस्थित वनाई प्रवेश गरेका व्यक्तिहरूको निगरानी राख्ने र थप चेकजाँच तथा उपचारको लागि उपयुक्त प्रवन्ध गर्नुपर्ने,

९. कोरोना भाइरसका बारेमा फैलाइएका भ्रम र अलमललाई रोक्न, सही सुचना र जानकारी दिनको लागि स्वास्थ्य मन्त्रालयले जनस्वास्थ्य विज्ञहरू समेत सम्मिलित संयन्त्र बनाई निश्चित समयमा नियमित रुपले आधिकारिक सुचना सम्प्रेषण गर्ने व्यवस्था गर्ने र तिनवटै तहका सरकारका विचमा समन्वय संयन्त्र स्थापना गर्नुपर्ने,

१०. संभाव्य जोखिमलाई मध्येनजर गरी नेपाल सरकारले आवश्यक परेको बेला स्वास्थ्य मन्त्रालयले परिचालन गर्नसक्ने गरी निजी तथा गैरसरकारी स्वास्थ्य संस्था, विज्ञ जनशक्ति, चिकित्सक तथा स्वास्थ्यकर्मीको रोष्टर बनाई तयारी अबस्थामा राख्नुपर्ने । यसको लागि स्थानीय र प्रदेश सरकार तथा गैरसरकारी क्षेत्रसंग समन्वय गरी नेपाल सरकारले विशेष पहलकदमी लिनुपर्ने,

११. कोरोना संक्रमणको प्रारम्भिक चेकजाँच, सेल्फ क्वारेन्टाइन, अभिलेखिकरण, उपचार प्रक्रिया र प्रेषण पद्दति लगायतका विषयमा अबिलम्ब प्रोटोकल तयार गरी अस्पताल तथा सम्बन्धित निकायमा उपलव्ध गराउने । सतर्कताका लागि संचार माध्यम र अन्य उपयुक्त माध्यमहरूबाट जनचेतनामुलक कार्यक्रमहरू संचालन गर्नुपर्ने,

१२. नेपाल सरकारले प्राविधिक पक्षको निर्णय लिनुपर्दा चिकित्सक संघ लगायत स्वास्थ्यसंग सम्बन्धित विभिन्न पेसागत संघ(संस्थासंग समन्वय गर्नुपर्ने,

नेपालमा कोरोना भाइरसको संक्रमण फैलिन नदिन आवश्यक सतर्कता र रोकथामका लागि पूर्व तयारी गर्न माथि उल्लेखित कार्यहरुलाई उच्च प्राथमिकतामा राख्दै चिकित्सक तथा स्वास्थ्यकर्मीले उच्च मनोबलका साथ काम गर्ने वातावरण निर्माण गर्न नेपाल सरकारलाई नेपाल चिकित्सक संघ जोडदार आग्रह गर्दछ । धन्यवाद !

भवदीय,

डा. बद्री रिजाल
महासचिव

डा. लोचन कार्की
अध्यक्ष